नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

## बोर्डबाट आर्थिक सहायताकालागि स्थानीय तहबाट निवेदन दिने व्यवस्था सम्बन्धी सूचना

वैदेशिक रोजगार नियमावली (पाँचौ संशोधन), २०६४ अनुसार वैदेशिक रोजगारमा गएका कामदारको करार अवधि भित्र वा करार अवधि समाप्त भएको एकबर्ष भित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको मितिले एकबर्ष भित्र आर्थिक सहायताको लागि बोर्ड सचिवालय समक्ष प्रमाणित कागजात सहित निवेदन दिन सक्ने व्यवस्था भएको छ ।

यसरी आर्थिक सहायताको लागि निवेदन दिदा निवेदक स्वयं बोर्डको सचिवालयमा उपस्थित भएर वा सम्वन्धित स्थानीय तह मार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ । यसरी स्थानीय तह मार्फत निवेदन दिएको हकमा सम्वन्धित स्थानीय तहले निवेदन प्राप्त भएको सात दिन भित्र प्राप्त कागजात, प्रमाण सिफारिस सहित सक्कलै निवेदन बोर्डको सचिवालयमा पठाई सोको जानकारी निवेदकलाई दिनुपर्ने छ ।

बोर्डबाट आर्थिक सहायता रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु निवेदनका साथ पेश भएको खण्डमा नजिकको हकवालाको बैङ्क खातामा सिधै जम्मा गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.सं. | मृतक कामदारका हकवालाले आर्थिक सहायताको लागि निवेदन पेश गर्नु पर्ने कागजातहरु । |
|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं., नाम र फोटो भएको पृष्ठको प्रतिलिपि । |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्रको प्रतिलिपि (विदेशमा मृत्यु भएको हकमा) |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि |
| ४ | स्थानीयतहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र । |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको फोटो र बैङ्को नाम / शाखा र बैंकखाता नं. रुजु सहितको बैंकको पत्र । |
| ८ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो । |

- मृत्यु भएको मितिले १ वर्ष भित्र आर्थिक सहायताको लागि निवेदन दिनु पर्नेछ ।
- पेश भएका प्रमाणित कागजात संलग्न गरी सम्बन्धित न.पा./गा.पा.को प्रमुख प्रशासकिय अधिकृतबाट सिफारिस भएको हुनुपर्नेछ ।
- आर्थिक सहायताका लागि दिइने निवेदन र स्थानिय तहको सिफारिसको ढाँचा सचिवालयको वेव साईट **www.fepb.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

नोट : यस सम्वन्धी थप जानकारीको लागि कल सेन्टरको ११४१ वा टोल फि नं १६६००१५०००५ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

अनुसूची-

## वैदेशिक रोजगारको शिलशिलामा मृत्यु भएका कामदारको नजिकको हकदारले आर्थिक सहायताका लागि दिने निवेदनको ढाँचा

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**

..............................................न.पा./गा.पा

मेरो......................(मृतकसँगको नाता उल्लेख गर्ने) श्री..................................................(मृतकको नाम थर उल्लेख गर्ने) वैदेशिक रोजगारको लागि इजाजतपत्रवाला संस्था श्री ..........................................(वैदेशिक रोजगारीमा पठाउने संस्थाको नाम)/व्यक्तिगत मार्फत्.........................(गएको देश) गएकोमा मिति........................................ का दिन सोही देशको/नेपालको........................... (घर/अस्पताल) मा मृत्यू भएको हुँदा निजको अन्तिम संस्कारको कार्य सम्पन्न भएकोले वैदेशिक रोजगार निमावली, २०६४ को नियम २८ (२) वमोजिम आर्थिक सहायता पाउन निम्न कागजात र विवरण यसै साथ राखी सोही नियमावलीको नियम २८ (१) को म्याद भित्र निवेदन दिन आएको छु। वैदेशिक रोजगार बोर्ड सचिवालयबाट नियमानुसार पाउने आर्थिक सहायताकालागि सिफारिस सहित आवश्यक सहयोग गरिदिन हुन देहायका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु।

१) मृतकको :

(क) नाम र थर ...................

(ख) राहदानी नं.................

(ग विवाहित/अविवाहित ...............................

२) मृतकका बाबु/ आमाको नाम :

..............................

३) मृतकको नजिकको हकवालाको नाम : .................

४) मृतकको पति / पत्नीको नाम ........................

५) मृतकसँग निवेदकको नाता : .....................

६) काम गर्न गएको मिति :(क) इ.सं. ......................

(ख) वि.सं. ..............................

७) नेपाल फर्किएको मिति :.................(नेपालमा मृत्यु भएको हकमा)

७) मृत्यु भएको मिति : (क) इ.स.. ............................

(ख) वि.सं. ............................

८) करार अवधि :...................

९) निवेदकको नागरिकता नं ..........जारी मिति .........

१०) पठाउने इजाजजत प्राप्त संस्था (मेनपावर) को नाम....................................

११) मृत्युको कारण.......................................................

१२) निवदकको वैक खाताको विवरण :

क) बैकको नाम : (ख) शाखाको नाम :

(ग) खाता नं. : (घ) खाताको किसिम : (चल्ती/बचत)

| हकवालाहरुले आर्थिक सहायताको लागि निवेदन दिदा पेश गर्नुपर्ने कागजातहरु र विवरण। | | |
|---|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं., नाम र फोटो भएको पृष्ठको छायाँप्रति। | |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्र (विदेशमा मृत्यु भएको हकमा) | |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि | |
| ४ | स्थानीयतहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्र | |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र। | |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको फोटो र वैङ्कको नाम / शाखा र बैंकखाता नं. रुजु सहितको वैंकको पत्र। | |
| ७ | निवेदकको एक प्रति पासपोर्ट साइजको फोटो। | |
| ८ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो। | |

माथी पेश गरेका कागजातहरु ठिक र दुरुस्त छन् पछि फरक पर्न गएमा कानुन वमोजिम सहुँला बुझाउँला।

सहिछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

निवेदक :

हस्ताक्षर :

नाम थर :

सम्पर्क नं. :

मिति : २०................ ..............जिल्ला ......................... गा.पा./ नगरपालिका ......वडा नं

नोट :- सम्बन्धित स्थानीय तहले नियेदकले पेश गरेका आवश्यक कागजातको प्रतिलिपि रुजु गरी वा नोटरी पब्लिकबाट प्रमाणित गरिएका कागजात संलग्न गर्नु पर्ने छ। आर्थिक सहायता लिने व्यक्तिको नागरिकता र मृतकको राहदानीको सक्कल अनिवार्य पेश गर्नु पर्नेछ।

अनुसूची-

( करार अवधिभित्र मृत्यु भएका कामदारका नजिकको हकदारले आर्थिक सहायताका लिनको लागि स्थानीय तहबाट दिइने सिफारिसको ढाँचा )

विषय : सिफारिस ।

श्री वैदेशिक रोजगार बोर्डको सचिवालय
काठमाडौं ।

...........प्रदेश .................जिल्ला .......................... म.न.पा./न.पा./गा.पा. वडा नं. ........ बस्ने ............... नाति.................................छोरा ............................पति/पत्नी पासपोर्ट नं. ....................... का ..................................वैदेशिक रोजगारीको सिलसिलामा ......................देशमा गएको र निज विदेशमा विरामी भई, विदा वा अन्य कारणले नेपाल फर्किए पश्चात विरामी भई उपचारको क्रममा मिति .................. मा .........जिल्ला..........म.न.पा./न.पा./गा.पा. ....वडा नं. मा मृत्यु भएको हो । मृतक कामदारको नजिकको हकदार निजको ..............नाताको श्री ........................भएकोले निजको तपसील बमोजिम विवरण प्रमाणित गरी तहाँ बोर्ड सचिवालयमा आर्थिक सहायताको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**तपसील**

| |
|---|
| फोटो र फोटोमा समेत पर्ने गरी सिफारिशकर्ताको दस्तखत |

हकवालाको नाम -
हकवालाका नागरिकता प्र.प.नं. र जारी मिति
जन्म दर्ता नं. र जारी मिति(नावालकको लागि)
मृतकको ना.प्र.प.नं.–
मृतकको राहदानी नं

**नोट**-हकवाला एक भन्दा बढि भएमा सवै हकवालाहरुको माथि उल्लेख भए बमोजिमकै विवरण खुलाउनु पर्नेछ ।